आज मिति २०८१ असार ३१ गतेका दिन बेसीशहर नगरपालिकाको नगर कार्यपालिकाका नगर प्रमुख श्री गुमानसिंह अर्यालको अध्यक्षतामा बसेको कार्यपालिकाको ४३ (त्रिचालीसौं) औं बैठकको उपास्थिति र निर्णय निम्नानुसार छ ।

## उपास्थिति

| | |
|---|---|
| नगर प्रमुख | श्री गुमानसिंह अर्याल |
| नगर उप-प्रमुख | श्री पद्मा गुरुङ |
| प्रमुख प्रशासकीय अधिकृत | श्री चेतनाथ अर्याल |
| कार्यपालिका सदस्य वडा नं. १ | श्री दुर्गा बहादुर बुढाथोकी |
| ,, ,, ,, २ | श्री मदन बहादुर राना |
| ,, ,, ,, ३ | श्री चित्र बहादुर दर्लामी |
| ,, ,, ,, ४ | श्री राम बहादुर गुरुङ |
| ,, ,, ,, ५ | श्री इन्द्र बहादुर गुरुङ |
| ,, ,, ,, ६ | श्री प्रकाश थापा |
| ,, ,, ,, ७ | श्री ऋषिराम बस्नेत |
| ,, ,, ,, ८ | श्री पवित्रा थापा राना |
| ,, ,, ,, ९ | श्री खुरसिंग गुरुङ |
| ,, ,, ,, १० | श्री गंगा बहादुर थापा |
| ,, ,, ,, ११ | श्री शिव प्रसाद जोशी |
| ,, ,, ,, | श्री हिरालाल विश्वकर्मा |
| ,, ,, | श्री श्रीनाथ दुलाल |
| ,, ,, | श्री कल्पना थापा बोहरा |
| ,, ,, | श्री विमला न्यौपाने अधिकारी |
| ,, ,, | श्री सुकमाया गुरुङ |
| ,, ,, | श्री सुकमाया घर्ती |
| ,, ,, | श्री मनिता परियार |

## सहजकर्ता कर्मचारीहरुको उपास्थिति

| | |
|---|---|
| अधिकृत | श्री शम्भु प्रसाद घिमिरे |
| लेखा अधिकृत | श्री सृजना पौडेल |
| कार्यक्रम अधिकृत | श्री मेघेन्द्र पोखरेल |

गुमान सिंह अर्याल
नगर प्रमुख

बेसीशहर नगर कार्यपालिकाको मिति २०८१/०३/३१ गतेको बैठक

**बेसीशहर नगर कार्यपालिकाको कार्यालय**

**लमजुङ, गण्डकी प्रदेश, नेपाल**

**नगर कार्यपालिकाको मिति २०८१/०३/३१ गतेको बैठकका प्रस्तावहरु**

१. अघिल्लो बैठकका निर्णयहरुको समीक्षा सम्बन्धमा।
२. रातो किताव प्रकाशन सम्बन्धमा ।
३. आयोजना/कार्यक्रम कार्यान्वयन कार्यतालिका सम्बन्धमा ।
४. कर्मचारीहरुको म्याद थप सम्बन्धमा ।
५. बार्षिक समिक्षा सम्बन्धमा ।
६. जग्गा बर्गिकरण सम्बन्धमा ।
७. गाईखुरे झरना क्षेत्रको बहालविटौरी कर सम्बन्धमा ।
८. कृषि स्नातक पदको पदपुर्ति प्रक्रिया अघि बढाउने सम्बन्धमा ।
९. प्रेस सल्लाहकार संगको परामर्श सेवा सम्बन्धमा ।
१०. सूचना अधिकारी सम्बन्धमा।
११. विविध
- तह कायम/तह बृद्धि सम्बन्धी सूचना प्रकाशन सम्बन्धमा ।
- खाजा/खानाको दररेट माग गर्ने सम्बन्धमा ।
- आ.व.२०८१/८२ को भुक्तानी दायित्व सम्बन्धमा ।

## बैठकबाट पारित निर्णयहरु

**निर्णय नं.१: अघिल्लो बैठकका निर्णयहरुको समिक्षा सम्वन्धमा ।**

मिति २०८१/०३/०५, ०३/०९, ०३/२३ र ०३/२५ गतेको नगर कार्यपालिका बैठकले गरेका निर्णहरुको कार्यान्वयन अवस्थाका विषयमा यस बैठकमा समिक्षा गरियो ।

**निर्णय नं.२: रातो किताव प्रकाशन सम्वन्धमा ।**

२०८१ असार १० गते शुरु भई असार २६ गते सम्पन्न भएको १५ औं नगरसभा अधिवेशनबाट पारित आगामी आ. व. २०८१/८२ को नीति, कार्यक्रम तथा बजेट एवं आर्थिक र विनियोजन विधेयक, नगरसभाका निर्णयहरु लगायतका विवरणहरु समेटी तयार गरिने बार्षिक नगर विकास योजना आ. व. २०८१/८२ रातो किताव प्रकाशन गर्ने निर्णय गरियो ।

गुमान सिंह अर्याल
नगर प्रमुख

बेसीशहर नगर कार्यपालिकाको मिति २०८१/०३/३१ गतेको बैठक

निर्णय नं.३: आयोजना/कार्यक्रम कार्यान्वयन कार्यतालिका सम्वन्धमा ।

आ.व२०८१/८२ को स्वीकृत नीति, कार्यक्रम तथा बजेट कार्यान्वयनको सन्दर्भमा विस्तृत शाखागत कार्यान्वयन कार्यतालिका पछि तयार गर्ने गरी हाललाई देहाय वमोजिमको संक्षिप्त कार्यतालिका स्वीकृत गर्ने निर्णय गरियो ।

देहायः

| क्र.सं | विवरण | समय सीमा | कैफियत |
|---|---|---|---|
| १. | खरिद योजना तयार | २०८१ साउन २७ | |
| २. | कर्मचारीहरुको कार्यविवरण तयार | २०८१ साउन २० | |
| ३. | कार्यसम्पादन संझौता कार्य | २०८१ साउन २५ | |
| ४. | शाखागत/क्षेत्रगत कार्ययोजना निर्माण | २०८१ साउन २५ | |
| ५. | लिनुपर्ने परामर्श सेवाको पहिचान | २०८१ साउन १० | |
| ६. | उपभोक्ता समिति गठन | २०८१ असोज मसान्त | |
| ७. | आयोजनाहरुको लागत इष्टिमेट तयार | २०८१ असोज मसान्त | |
| ८. | ठेक्का बन्दोबस्तीतर्फका आयोजनाहरुको सूचना प्रकाशन | २०८१ असोज मसान्त | |
| ९. | आयोजना संझौताको अन्तिम समय सीमा | २०८१ पुस मसान्त | |
| १० | संझौता भएका आयोजनाको कार्य सम्पन्न | २०८१ चैत मसान्तसम्म | |

निर्णय नं.४: कर्मचारीहरुको म्याद थप सम्बन्धमा ।

(क)गत विगत आ. व. देखि निरन्तर रुपमा विभिन्न तह/श्रेणीमा यस कार्यालयमा करार सेवामा कार्यरत कर्मचारीहरुको म्याद मिति २०८१/०३/३१ गते देखि समाप्त हुने भएको हुँदा अनुसूचीमा उल्लेख भएका करार सेवाका कर्मचारीहरुको म्याद मिति २०८१ पौष मसान्त सम्म थप गर्ने निर्णय गरियो ।

(ख) जिल्ला समन्वय समिति लमजुङबाट बेसीशहर नगरपालिकामा खटिई २०७५ बैशाख देखि यस नगरपालिकामा हाजिर भई निरन्तर कामकाज गर्दै आउनु भएका कार्यक्रम अधिकृत श्री मेघेन्द्र पोखरेलको अस्थायी नियुक्तिको म्याद २०८१ असार मसान्तमा समाप्त हुने भएको हुँदा साविकमा नीजले खाईपाई आएको तलबभत्तामा प्रतिकुल नहुने गरी सो अस्थायी नियुक्तिको म्याद २०८१ पुस मसान्तसम्म थप गर्ने निर्णय गरियो ।

निर्णय नं. ५: वार्षिक समिक्षा सम्बन्धमा ।

चालु आ. व. २०८०/०८१ का लागि तय भएको नीति, कार्यक्रम, बजेट बमोजिम बेसीशहर नगरपालिकाबाट सम्पादन भएका कार्यहरु तथा आयोजना/कार्यक्रमहरुको वार्षिक प्रगति समीक्षा आगामी २०८१ श्रावण मसान्त भित्र गर्ने गरी आवश्यक तयारी गर्न कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

निर्णय नं. ६: जग्गा वर्गिकरण सम्बन्धमा ।

नेपाल सरकारले जारी गरेको भू उपयोग ऐन २०७६ तथा नियमावली २०७९ समेतका आधारमा बेसीशहर नगरपालिका भित्रका जग्गाहरु बर्गिकरण गर्ने कार्यको लागि परापर्श सेवा खरिद कार्य अघि बढाउन कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

गुमान सिंह अर्याल

नगर प्रमुख

बेसीशहर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बेसीशहर, लमजुङ
गण्डकी प्रदेश, नेपाल
२०७३

बेसीशहर नगर कार्यपालिकाको मिति २०८१/०३/३१ गतेको बैठक

**निर्णय नं. ७ : गाइखुरे झर्ना क्षेत्रको बहाल विटौरी कर सम्बन्धमा ।**

यस नगरपालिका वडा नं. १ मा रहेको गाइखुरे झर्ना क्षेत्र वरपर वर्षादका केही महिनाहरुमा मानिसहरुको आवत जावत बाक्लो हुने र त्यस क्षेत्र नजिक खाजा/खाना बनाउने कुनैपनि पसलहरु नभएका कारण अस्थायी रुपमा टहरा/पाल राखी खाजा/खानाको व्यवस्था गर्नेगरी अनुमतिका लागि बेसीशहर नपा-२ का श्री सरोज थापाबाट निवेदन प्राप्त हुन आएको हुँदा श्रावण र भाद्र २ महिनाको लागि मात्र मासिक रु. १० हजारका दरले शुल्क लिई संझौताको लागि प्रमुख प्रशासकीय अधिकृतलाई जिम्मा दिने निर्णय गरियो ।

**निर्णय नं. ८ : कृषि स्नातक पदको पदपूर्ति प्रक्रिया अघि बढाउने सम्बन्धमा ।**

यस कार्यालय अन्तर्गत कृषि विकास शाखाका लागि नेपाल सरकारबाट कृषि स्नातक पदको कर्मचारी करारमा नियुक्त गर्नेगरी तलब भत्ता सहितको रकम प्राप्त हुने हुँदा र हाल उक्त पद रिक्त रहेकोले उक्त कृषि स्नातक पदको पदपूर्ति प्रक्रिया अघि बढाउन कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं. ९ : प्रेस सल्लाहकारसंगको परामर्श सेवा सम्बन्धमा ।**

बेसीशहर नगरपालिकाका प्रेस सल्लाहकार कृष्ण केसी को सम्बन्धमा निजले सम्पादन गर्नुपर्ने कार्यहरुको कार्यशर्त/कार्यविवरण तोकी साविक वमोजिमकै सेवा सुविधा पाउने गरी आ.व.२०८१/८२ को लागि नीजसंग परामर्श सेवा खरिद सम्झौता गर्ने निर्णय गरियो ।

**निर्णय नं. १० : सूचना अधिकारी सम्बन्धमा ।**

बेसीशहर नगरपालिकाको सूचना अधिकारीमा शिक्षाशाखा प्रमुख (अधिकृत दशौं) श्री किसानराज चिलुवाल तोकिनुभई हालसम्म उक्त जिम्मेवारी वहन गर्दै आउनु भएकोमा कार्य व्यस्तताको कारण सो जिम्मेवारी वहन गर्न अनिच्छुक रहनु भएको बुझिएको हुँदा यस सम्बन्धमा आगामी बैठकबाट निश्कर्षमा पुग्ने निर्णय गरियो ।

**निर्णय नं.११ : तह कायम/तहबृद्धि सम्बन्धी सूचना प्रकाशन सम्बन्धमा ।**

गण्डकी प्रदेश सरकारबाट जारी भएको स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन २०७९ मा व्यवस्था भए वमोजिम यस कार्यालयमा कार्यरत विभिन्न तहका कर्मचारीहरुको तह कायम/तह बृद्धि नियमानुसार गर्नुपर्ने भएमा सो कार्यका लागि सूचना प्रकाशन गरी आवश्यक प्रक्रिया अघि बढाउन कार्यालयलाई निर्देशन गर्ने निर्णय गरियो ।

**निर्णय नं. १२ : खाजा/खानाको दररेट माग गर्ने सम्बन्धमा ।**

यस कार्यालयले एक आर्थिक वर्ष भित्र गर्ने बैठक/ भेला/गोष्ठी तथा विभिन्न कार्यक्रमहरुमा आवश्यक पर्ने खाजा/खाना/पानी लगायतका वस्तुहरुको मूल्य सहितको दररेट इच्छुक ब्यवसायीहरुबाट माग गर्ने र न्यूनतम दररेटमा कार्यालयलाई उल्लेखित बस्तुहरु उपलब्ध गराउने ब्यवसायीलाई छनौट गर्न कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

गुमान सिंह अर्याल
नगर प्रमुख

बेसीशहर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बेसीशहर, लमजुङ
गण्डकी प्रदेश, नेपाल
२०७३

बेसीशहर नगर कार्यपालिकाको मिति २०८१/०३/३१ गतेको बैठक

**निर्णय नं. १३ : आ.व.२०८१/८२ को भुक्तानी दायित्व सम्बन्धमा ।**

चालु आ.व २०८०/८१ मा सम्पन्न भई आ.व. २०८१/८२ मा भुक्तानी दायित्व रहेका आयोजना/कार्यक्रमको विवरण देहाय वमोजिम भएको निर्णय गरियो ।

देहायः

| आयोजनाको नाम | भुक्तानी दिनुपर्ने रकम रु |
|---|---|
| (क) बेसीशहर-युनिभर्सलचोक-मकैडाँडा-सारिङ सडक, बेनपा६/७, | रु. १८ लाख ८८ हजार |
| (ख) दुवारेगाउँ जाने बाटो स्तरोन्नति, (लागत साझेदारी) बेनपा-७, | रु.१३ लाख ५७ हजार ४४ |

गुमान सिंह अर्याल
नगर प्रमुख